थुलुङ दुधकोशी गाउँपालिका

# थुलुङ दुधकोशी गाउँपालिकाको नीति तथा कार्यक्रम २०७९

थुलुङ दुधकोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,मुक्ली

१ नं. प्रदेश, नेपाल

**यस सम्मानित सभाका श्रद्धेय सभाध्यक्ष ज्यू,**

**गाउँसभाका सदस्यज्यूहरु ।**

गाउँपालिका अर्न्तगतका सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु, सुरक्षाकर्मी, सञ्चारकर्मी एवं उपस्थित सम्पूर्ण महानुभावहरु । आजको यो ऐतिहासिक गाउँसभामा थुलुङ दुधकोशी गाउँपालिकाको आ.व २०७९/०८० को वार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्ने श्रद्धेय अध्यक्ष ज्यू समक्ष अनुमति चाहान्छु ।

सर्वप्रथम, थुलुङ दुधकोशी गाउँपालिका नेपालको संघिय लोकतान्त्रिक गणतन्त्र प्रासिका लागी नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक सशस्त्र संघर्ष, जनआन्दोलन लगायत व्यवस्था परिवर्तनको लागी भएका विभिन्न आन्दोलनहरुको उच्च सम्मान गर्दै समावेशिता, लोकतन्त्र, गणतन्त्र धर्मनिरपेक्षता तथा न्याय एवं समानताको खातिर जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली ब्यक्त गर्दछु ।

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले बनाएको गाउँसभा संचालन कार्यविधि ऐन २०७५ बमोजिम यो गाउँसभा संचालन भैरहेको व्यहोरा अवगत गराउँदछु ।

श्रद्धेय सभाध्यक्ष महोदय, आ.व २०७९/०८० को नीति तथा कार्यक्रमहरु वाचन गर्ने अनुमति चाहन्छु ।

१. थुलुङ दुधकोशी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०७९/०८० का लागी बजेटमा निम्नानुसार गाउँपालिका स्तरिय संचालनमा रहेका र पहिचान गरिएका आयोजनाहरुका प्रभावकारी रुपमा कार्यन्वयन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

- दुधकोशी सामुदायिक अस्पताल
- थुलुङ दुधकोशी बहुप्राबिधिक शिक्षालय
- प्रदेश स्तरिय खेल मैदान
- गाउँपालिका स्तरीय चिस्यान केन्द्र
- रिक्रियसन सेन्टर
- आमा सुरक्षा कार्यक्रम

२. संघ, प्रदेश सरकार लगायत अन्य निकायहरुसँगको साझेदारीमा संचालनमा रहेका र कार्यन्वयनको निम्ति प्रस्तावित निम्न कार्यक्रमहरुको लागि आवश्यक समपुरक बजेटको व्यवस्था मिलाइनेछ ।

- वडा नं. ४, ५, ७, ८ र ९ नं वडा कार्यालयको प्रशासनिक भवन निर्माण सम्पन्न गर्न
- गाउँपालिकाको प्रशासनिक भवन निर्माण सम्पन्न गर्न
- सुकेपोखरी पर्यटकिय क्षेत्र निर्माणका निमित्त आवश्यक वजेट
- गाउँपालिका स्तरिय सडक आयोजना

३. चालु आ.व २०७८/०७९ मा संझौता भई कार्यन्वयन सुरु भएको तर संघिय र प्रदेश सरकारको राजश्व बाँडफाँड बापतको रकम शिलिङ अनुसार प्राप्त हुन नसकेका अधुरो रहेका योजनाहरुलाई सम्पन्न गर्न प्राथमिकताका साथ वजेटको व्यवस्था गरिनेछ ।

आदरणीय सभाध्यक्षज्यू एवम् सभासदज्यूहरू,

अब हामी आर्थिक वर्ष २०७९/०८० मा राखिएको उद्देश्य कार्यान्वयन गर्दा अवलम्बन गरिने विशिष्टिकृत, क्षेत्रगत प्रमुख नीतिहरू तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहान्छौं ।

**नीति तथा कार्यक्रमहरु:**

संविधानले प्रदान गरेका नागरिकका अधिकारहरुको पूर्ण प्रत्याभुति हुने गरि कार्यक्रम तथा बजेट निर्माण गरिने छ । गरिव, दलित, अल्पसंख्यक तथा वेरोजगारहरुको सूची तयार गरि लक्षित बर्गको आर्थिक स्तर उकास्ने साथै दिगो विकासका दिर्घकालिन लक्ष्यहरुलाई टेवा पुग्ने किसिमका समाजबादि कार्यक्रमहरु लागु गरिने छ । सक्षम नागरिक, समुन्नत पालिकाको अभियानलाई अगाडी बढाईने छ ।

**शिक्षा**

१. विद्यालयहरुमा सिधै गाउँपालिकाबाट मनिटरिङ गर्न सकिने गरि जडान गरिएका विद्युतीय हाजिरिहरुलाई ब्यवस्थित गरि दैनिक रुपमा हाजिरि अभिलेख सिधै गाउँपालिकाबाट हेर्ने ब्यवस्था गरिने छ साथै अन्य जडान नभएका विद्यालयहरुमा समेत यसलाई विस्तार गरिनेछ।

२. सबै सामुदायीक विद्यालयहरु मध्येबाट उत्कृष्ट अध्यापन गराउने, रचनात्मक, लगनशिल लगायतका मापदण्डमा आधारित रहेर मुल्यांकन गरि प्रधानाध्यपक/शिक्षकलाई प्रोत्साहन गर्न टिचर अफ द मन्थ कार्यक्रम संचालन गरि महिनाको एकजनाई पुरस्कृत गरि गाउँपालिकाको वेभसाईडमा फोटो सहित अपडेट गराईने छ ।

३. गाउँ पालिका भित्रका विद्यालयहरुमा इन्टरनेटको पहुँच विस्तार भैसकेको हुँदा ईन्टरनेटको उपयोग बढाई अनलाइन सिकाइ तथा शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिदै लगिनेछ ।

४.  विद्यालय भर्नाबाट बञ्चित बालबालिकाको पहिचान गरि सबै वडाका पदाधिकारी तथा विद्यालयहरु समेतले विद्यालय भर्ना हुनका लागि आवश्यक वातावरण बनाउनमा अविभावकहरुलाई प्रोत्साहित गर्ने कार्यमा सहयोग गर्ने तथा विद्यालय बिचमा नै छाड्ने प्रवृतिलाई निरुत्साहित गर्नेतर्फ विद्यालय, अविभावक तथा जनप्रतिनीधि समेतको समन्वयात्मक प्रयासलाई अगाडि बढाइने छ ।

५.  सामुदायीक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई बहुप्रतिभाशाली बनाउदै, बहुआयामिक ब्यक्तित्व निर्माण गर्ने हेतुले विद्यालयहरुमा अतिरिक्त क्रियाकलापमा जोड दिईने छ । हरेक प्रकारका खेलकुद, नृत्यकक्षाहरु, पौडी तालिम संचालन गरिने छ । खेलकुदबाट बालबालिकाहरुको शारीरिक र मानसिक विकास हुनुका साथै आत्मविश्वासमा समेत वृद्धि हुने भएकोले राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता तथा अन्य खेलकुद गतिविधिलाई विद्यालयहरुसँगको समन्वय र सहकार्यबाट निरन्तरता दिइनेछ । पौडी तालिमका लागि सबैलाई पायक पर्ने छुट्टा छुट्टै स्थानमा दुई वटा स्विमिङपुल निर्माणको लागि आवश्यक बजेट ब्यवस्था गरिने छ ।

६. विद्यालयका प्रधानध्यापकसँग शिक्षाको गुणस्तर अभिबृद्धिका लागि कार्य सम्पादन करार सम्झौता गरिने छ । विद्यालयको पठन पाठन एवं अध्यापन कार्यको समेत नियमित सुपरिवेक्षण गरी सुधारको कार्यलाई निरन्तरता दिईनेछ । साथै यस कार्यमा शिक्षा समितिहरुलाई सक्रिय बनाइनेछ ।

७. सूचकाङ्कका आधारमा उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालयलाई प्रोत्साहन गर्न कार्य सम्पादन पुरस्कार र सम्मान  प्रदान गरिनेछ ।

८. प्रारम्भिक बाल विकासको लागि संघीय तथा प्रदेश सरकारको सहकार्यमा गुणस्तर सुधारका कार्यहरु कार्यान्वयनमा ल्याइनेछ ।

९. अनिवार्य तथा निःशुल्क शिक्षा प्राप्त गर्ने वातावरण सृजना गर्न आवश्यकताका आधारमा आवासीय सुविधा तथा केन्द्र सरकारको सहकार्यमा दिवाखाजाको लागि अभिभावकहरुलाई स्तरीय टिफिन वितरण गरि घरैबाट अर्गानिक र स्वस्थ्य बर्दक खाजा ल्याउने वातावरण सृजना गराईने छ ।

१०. विद्यालयमा स्वास्थ्य तथा सरसफाई युक्त वातावरण निर्माण  गरिनेछ साथै विद्यालयको पुनर्निर्माण तथा भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

११.  शिक्षक तालिम, अभिमुखीकरण कार्य संचालन गर्नका लागि गैरसरकारी संस्थाहरुसँग आवश्यक समन्वय र सहजीकरण गरिनेछ।

१२.  केन्द्र सरकार तथा प्रदेश सरकारको सहकार्यमा किशोरी छात्राहरुलाई नियमित रुपमा विद्यालयमा उपस्थित हुनको लागि प्रोत्साहित गरिने छ भने कटन जस्ता स्वदेशी सामाग्री प्रयोग

गरि स्यानेटरी प्याड बनाउन सिकाईने छ भने स्यानेटरी प्याड निर्माणमा अनुदान दिईने छ साथै किशोरीहरुलाई आधुनिक प्रविधिको मिन्सुरेसन्स कप वितरण गरिने छ ।

१३. विद्यार्थीहरुको स्वास्थ्य मजबुद बनाउन खानपिनमा अधिकतम पोषण सन्तुलन मिलाउनका लागि पोषणविदहरुको सहायताले ठाउँ ठाउँमा पोषण शिविर सञ्चालन गरिने छ । पत्रुखाना (जंक फुड) लाई पूर्ण रुपमा प्रतिस्थापन गरि स्थानीय कृषि उपज (जस्तैः धान, कोदो, मकै, फापर, जौ, गहुँ आदि ) बाट खाना र दिवा खाजा ब्यवस्थापनमा जोड दिईने छ ।

१४. माध्यमिक र निम्न माध्यमिक तहमा न्यून दरबन्दी भएका र अंग्रेजी, विज्ञान तथा गणित विषयमका दरबन्दी नभएका विद्यालयहरुमा विषयगत शिक्षक व्यवस्थापन गर्नका लागि थप अनुदान उपलब्ध गराउने कार्यलाई अगाडि बढाइने छ ।

१५. नेपालको संविधानको धारा ३१ र ४० ले परिकल्पना गरेको ब्यवस्था अनुसार शिक्षालाई ब्यवहारिक बनाउदै गरिब, दलित, लोपोन्मुख जाति र अपाङ्गता भएकाहरुलाई निशुल्क शिक्षाको ब्यवस्था गरिने छ ।

**कृषि तथा पशुपालन**

१. हरेक वडामा संकलन केन्द्र निर्माण गरिने, किसानको उत्पादनको न्यूनतम समर्थन मुल्य तोकिने र कृषी एम्बुलेन्स मार्फत संकलन गरिने साथै ढुवानी र व्याजमा अनुदान दिईने ।

२. गाउँपालिका भित्रका खेतियोग्य जमिनको अवस्थाबारे विवरण तयार गर्न माटो परीक्षण गरी कुन जमिनमा कस्तो नगदेबालि लगाउन सकिन्छ ? बैज्ञानिक तथ्य साथ किसानलाई सिफारिस गरिनेछ ।

३. गाउँपालिका भित्र कृषि उत्पादन बृद्धि गर्न बाँझो जमिनको लगत तयार गरि निजि क्षेत्रलाई लिजमा दिएर खेति गर्नका लागि विषेश कृषि अनुदान कार्यक्रम ल्याईनेछ ।

४. प्याकेटको आयातित तेललाई प्रतिस्थापन गरि मानव स्वास्थ्य समेतलाई दृष्गित गरि एक बर्ष भित्रमा तोरीतेलमा आत्मानिर्भर बनाउन हरेकको करेशाबारिमा तोरी खेति गर्न प्रोत्साहन गरि तोरीको विउ निशुल्क वितरण गरि प्राविधिक सहयोग समेत प्रदान गरिने छ भने तेल पेल्नको लागि कम्तिमा दुई वटा विद्युतीय तेल पेल्ने मेशिन खरिद गरि निजि क्षेत्रलाई संचालन गर्न दिईने छ साथै तोरी उत्पादनको आधारमा अनुदान दिईनेछ।

५. कृषि बालिमा लाग्ने रोग किराहरुको रोकथाम तथा निदान र पशुचौपायाहरुमा लाग्ने रोगहरुको उपचारका लागि टोलटोलमा कृषि जेटिए र पशु चिकित्सक खटाईनेछ ।

६. कृषकहरुलाई खेति प्रविधिको बारेमा जानकारी गराउन कृषि प्राविधिकहरुलाई टोल टोलमा परिचालन गरिने छ ।

७. राशासनिक मललाई प्रतिस्थापन गर्दै जैविक/प्रांगारिक मलको सुनिश्चतता गर्न पशुपालन गर्ने कृषकहरुको गोठ सुधार कार्यक्रम लागु गरिने छ ।

८. कृषकहरुलाई कृषि अनुदानको समुचित प्रबन्ध गर्दै नगदेबालि खेतिलाई प्रोत्साहन गरिने छ ।

९. धान, गहुँ, कोदो, फापर जस्ता परम्परागत खेतिबाट उत्पादन बढाउन उन्नत जातको विउविजन, प्रांगारिक मल लगायत आवश्यक प्राविधिक सहयोग गरि अर्गानिक उत्पादनलाई प्रोत्साहन गरिने छ ।

१०. हरेक वडामा कृषि सहकारी/कृषक समुह गठन गरि कृषकहरुलाई आर्थिक गतिविधिमा सामेल गराइ आर्थिक बृद्धिको आधारलाई बलियो बनाईने छ । कृषि शहकारी मार्फत नै प्राविधि हस्तान्तरण, विउविजन र अनुदान सहयोग उपलब्ध गराईनेछ । कृषकले उत्पादन गर्ने अन्न, नगदेबालि अन्य उपजको बजार शुनुश्चित गर्न कृषि मार्फत नै कृषि एम्बुलेन्स संचालन गरि टोलटोलबाट उत्पादन संकलन बजारसम्म पर्याउने वातावरण निर्माण गरिने छ

११. अहिलेको आधुनिक जमानामा डिजिटल माध्यमबाट कृषि उपजको सहज विक्री वितरणको लागि छुट्टै हाटबजार मोबाईल एप्लिकेशन निर्माण गरि संचालन गरिने छ । जस्को सहायतताले तुरुन्तै कृषि उपजको विक्री पालिका भित्रै हुने छ । जस्तैः कुनै एक ठाउँमा आज पाकेको एक घरी केरा सो हाटबजार एप्लिकेशनमा राख्ना साथ अर्को मान्छेले तत्काल किनेर सोही दिन उपभोग गर्न सक्ने छ ।

१२. गाउँ पालिकालाई कागति र अकबरे खुर्सानीको पकेट क्षेत्रको रुपमा विकशित गरि यस पालिकालाई कागति र खुर्सानीको लागि प्रख्यात पालिकाको रुपमा चिनारी गराइने छ ।

१३. गाउँ पालिका क्षेत्रमा कृषि पेशामा उत्कृष्ट काम गर्ने कृषकहरुलाई तालिम र प्रोत्साहनको व्यवस्था गरिने छ । वर्षको अन्त्यमा हरेक वडाका २—२ जना गरी १० जना उत्कृष्ट कृषकहरुलाई पालिका कृषि सम्मानले पुरस्कृत गरिने छ ।

१४. गाउँ पालिकामा कृषि तथा पशुपालनका क्षेत्रमा सहुलयत पूर्ण ऋणका लागि बैंक र लघुवित्तहरुसंग सम्झौता गरि उपलब्ध गराईने छ ।

१५. गाउँ पालिकालाई माछा र मासुमा आत्मा निर्भर बनाउन स्थानीय तह, प्रदेश र केन्द्र सरकारसँगको समन्वयमा माछापलन, भेडा, राँगा,बाख्रा, बंगुर पालन, कुखुरा र कालिज फर्महरु संचालन गर्न व्याज अनुदानको ब्यवस्था गरिनेछ ।

१६. दुग्धजन्य उत्पादनलाई बृद्धि गर्न पशु नश्ल सुधार कार्यक्रम संचालन गरिने छ । पालिकामा न्युनतम २—२ वटा उन्नत जातको राँगो र उन्नत जातको गोरु ल्याईने छ भने कृतिम गर्भाधारणको कामलाई पनि संगसँगै अगाडी बढाइने छ । गरिविको रेखामुनि रहेका कृषकहरुले

ब्यवशायीक गाई तथा भैसिपालन गर्न चाहेमा अनुदानको ब्यवस्था गरिने छ । कृषकहरुले उत्पादन गरेको दुध विक्रीका लागि कृषि एम्बुलेन्स प्रयोग गरि बजारसम्म पुर्याई सहकारी मार्फत ब्यापार सुनिश्चत गरिने छ । दुग्धजन्य कृयाकलाप संचालन गर्न छुट्टै दुग्ध सहकारी गठन गरिने छ ।

१७. वर्षेनी हुने दैवी प्रकोपबाट किसानका बाली तथा पशुधनहरु समय समयमा नोक्सान भई आर्थिक रुपमा कृषकहरुले ठुलो क्षती व्यहोरी रहेकोले विभिन्न विमा कम्पनीहरुसँग समन्वय गरी कृषि बाली विमा तथा पशु विमा गर्नका लागि आवश्यक प्रवन्ध मिलाइनेछ ।

१८. कृषिको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न, कृषि क्षेत्रमा रोजगार बढाउन आवश्यक रकम बिनियोजित गरी परिचालित गरिनेछ ।

१९. बेमौसमि खेतिलाई प्रबर्धन गर्न कृषकहरुलाई टनेल वितरण कार्यक्रमलाई प्राथमिकतामा राखिने छ ।

२०. सिचाईको बैज्ञानिक ब्यवस्थापन गरि अर्गानिक कृषि उत्पादनको लागि कृषकहरुलाई प्रोत्साहित गरिन्छ ।

२१. मरिच, भुईकटहर, अदुवा, वेसार, चिया र कफि जस्ता नगदेबालि खेतिमा अनुदानको ब्यवस्था गरि उत्पादन बढाउन प्रेरित गरिने छ ।

२२. परम्परागत कृषिलाई यान्त्रीकरण गरी व्यवसायीक बनाउन विभिन्न वडाहरुमा लागत साझेदारीमा आधारित हाते ट्रयाक्टर, गहुँ कुट्ने मेसिन र मकै छोडयाउने मेसिन वितरण गर्ने कार्यक्रम ल्याइनेछ ।

२३. बाँदर तथा जंगली जनावारबाट हुने क्षति न्यूनिकरणको लागि विज्ञसँग परामर्श गरि उचित निष्कर्श निकालिने छ ।

२४. गाउँपालिकालाई विषादीमुक्त क्षेत्र बनाउनका लागि बालिनालीमा कृषकहरुले प्रयोग गर्ने रसायनीक मल, किटनाशक औषधिहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ भने जैवीक विषादी / वानस्पतिक विषादी प्रयोगलाई प्रोत्साहन गरिनेछ साथै जैविक झोलमल र प्रांगरिक मल उत्पादन केन्द्र निर्माणको लागि संभाब्यता अध्ययनको कार्यलाई अगाडी बढाइने छ ।

२५. पशुपालनमा लाग्ने लागत कम गरी उत्पादकत्व बृध्दि गर्नको लागि चरन क्षेत्र सुधार हिउँदे घाँस (जै, सुपर नेपियर आदि) को बिउ बितरण तथा स्थानिय स्तरमा नै बिउ उत्पादन गर्न पशुपालक कृषकहरुलाइ प्रोत्साहन गरिनेछ ।

२६. कृषि तथा पशुपालन ब्यावसायलाइ प्रतिस्पर्धात्मक र उत्पादनमुलक बनाउनको लागि बिभिन्न प्रदर्शनी तथा प्रतियोगिताहरु संचालन गरिनेछ ।

२७. कृषकको क्षमता अभिबृध्दिको लागि पालिका स्तर तथा प्रदेश स्तरको तालिम केन्द्रसँग समन्वय गरी बिभिन्न तालिम तथा गोष्ठीहरु संचालन गरिनेछ ।

२८. पालिकालाई मौसमी तथा बहुबर्षे फलफुलमा आत्मा निर्भर बनाउन हरेक घरमा कम्तिमा ५ वटा बहुबर्षिय फलफुलका विरुवा वितरण गरिने छ । जस्का लागि विभिन्न निकायसँगको समन्वयमा विरुवा उत्पादन नर्सरी खडा गरिने छ ।

**स्वास्थ्य**

१) आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२) सबै गाउँपालिका बासीलाई स्वास्थ्य विमा गराउने कामलाई पूर्णता दिईने छ, सबै स्वास्थ्य चौकीको गुणात्मक सुधार गर्दै सेवामुखी बनाइने छ ।

३) ५० शैयाको दुधकोशी अस्पताललाई विज्ञ चिकित्सकहरुको व्यवस्था गरि यहि आर्थिक वर्षमा संचालन गरिनेछ। २४ सै घण्टा गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको रुपमा विकास गरिनेछ ।जुबु ५ मा पालिका स्तरिय अस्पताल निर्माण गरि संचालन गरिनेछ ।

४) एम्बुलेन्स ब्यवस्था गरि एम्बुलेन्स मार्फत सुत्केरी, बृद्धबृद्धा र लक्षित बर्गका नागरिकहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईने छ ।

५) ६० वर्ष नाघेकालाई निशुल्क उपचार र ७० वर्ष नाघेका बृद्धबृद्धा र शारीरिक रुपमा अशक्त, बालबालिका र गर्भवति महिलाहरुलाई घरघरमा पुगी नियमित मासिक स्वास्थ्य जाँचको व्यवस्थालाई निरन्तरता दिईने छ ।

६) “स्वस्थ्य नागरिक— समुन्नत पालिका” भन्ने मूल नाराको साथ नागरिकलाई सुरक्षित र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

७) संभावित महामारिको प्रभावलाई न्यूनीकरण गर्नको लागि र यसको सामना गर्न अक्सिजन सिलिन्डर, कन्सनट्रेटर तथा स्वास्थ्य सामग्री सहित स्वास्थ्य चौकीहरुलाई सुविधायुक्त वनाइनेछ । साथै प्रत्येक स्वास्थ्य चौकीहरुमा क्वारेन्टाइन तथा आइसोलेसन वेडसहितको कक्षहरु व्यवस्था गरिनेछ भने स्वास्थ्यकर्मी तथा स्वास्थ्य सामग्रीहरु समेत तयारी अवस्थामा राखिनेछ ।

८) सुत्केरी महिलालाई पोषणको आपुर्तीका लागि कोशेली कार्यक्रम संचालन गरिने छ भने सुत्केरीलाई नियमित स्वास्थ्य जाँच तथा उपचारको व्यवस्था मिलाईने छ ।

९) बालबालिका, गर्भवती महिला र अन्य बिरामीहरुको स्वास्थ्य परीक्षणका लागि प्रत्येक वडा तहमा नै दाँत, आँखा, ल्याव, ई सि जि , भिडियो एक्सरे सेवा सहित चिकित्सकको टोलिबाट स्वास्थ्य परीक्षणको ब्यवस्था मिलाईने छ ।

१०) गम्भीर तथा आपतकालिन अवस्थाका विरामीहरुलाई गाउँपालिकाको स्वास्थ्य उपचार कोष बाट सहयोग गरिने छ ।

११) संक्रमण तथा जोखिममा खटिने स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक र गाउँप्रहरीलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

१२) स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंम सेविकालाई पुनः ताजगी तालिमको व्यवस्था गरिने छ ।

१३) गाउँ पालिकाभित्र रहेको निजी क्लिनिक र मेडिकल हलहरुबाट प्रदान गरिने सेवाहरुको गुणस्तरीयता सम्बन्धी अनुगमन गरिनेछ ।

१४) अस्पताल तथा बर्थिङ सेन्टरमा नै सुत्केरी गराउनेको संख्या बढाउनका लागि प्रोत्सहान गर्ने नीति अवलम्बन गरि मातृ तथा नवशिशु स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइनेछ ।

१५) महिलाहरुमा हुने पाठेघरको क्यान्सर, स्तन क्यान्सरको निदान एवं उपचारको लागि सहज सुलभ बनाउन विशेष कार्यक्रम ल्याईने छ । प्रजनन स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन समुदायमा महिलाहरुको प्रजनन रुग्नता र समस्याहरुको पहिचान र व्यवस्थापनका लागि समुदाय स्तरमा पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ र रिङ पेशरी सेवालाई निरन्तरता दिइनेछ ।

१६) राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत सन्चालन हुने नियमित खोप सेवा लगायत आगामी दिनमा सञ्चालन हुने कोभिड १९ को खोप अभियानलाई प्रभावकारी बनाइनेछ ।

१७) गाउँपालिका अन्तर्गतका अस्पताल तथा स्वास्थ्य चौकीहरुमा द्रुत गतिको इन्टरनेटको व्यवस्था गरी स्वास्थ्य कर्मीहरुले विभिन्न विशेषज्ञहरुसँग प्रत्यक्ष परामर्श (टेलिमेडिसिन) गरी विशेषज्ञ सेवा प्रदान गरिनेछ ।

१८) नागरिकलाई स्वास्थ्यलाई मजबुत बनाउन योग, ध्यान र आध्यात्मिक कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।

१९) गरिव, विपन्न दलित एवं अल्पसंख्यक समुदायका कम्तिमा चार जना विद्यार्थीलाई छात्राबृत्तिमा मेडिकल शिक्षा अध्ययनको ब्यवस्था गराईने छ ।

**भौतिक पूर्वाधार विकास (भवन, सडक, यातायात)**

१) सडक ट्र्याक खोल्न तथा स्तरउन्नतीको लागि नयाँ अवधारणा लागु गरिने छ । पालिकाले निर्माण सम्बन्धि सम्पूर्ण उपकरणहरु आफै खरिद गरि सडक ग्राभेल गरिने छ । हरेक सडकका भित्तामा कुलो बनाई ग्राभेल गरिने छ । सडक निर्माणको लागि करोडौंको बजेट खर्च गर्ने, उपभोक्ता समिति/ठेक्का मार्फत काम गर्नु पर्ने झण्झट हट्ने छ भने तेल र चोकर खरिद

मात्रै गर्ने बजेटले न्युन लागतमा बाटोको स्तरउन्नती हुने छ । अबको डेढ बर्ष भित्र सबै सडकहरु ग्राभेल गरि टोलटोलमा १२ महिना नै गाडी गुड्न सक्ने गरी बाटोको स्तरबृद्धि गरिने छ ।

२) भवन निर्माण बाँकी रहेका वडाहरुको प्रशासनिक भवन ब्यवस्थापनको काम अगाडी बढाईने छ ।

३) नेले चारघरे पालिका केन्द्र देखी अस्पताल सम्म कालोपत्रे गरिने छ । सबै वडाबाट पालिका केन्द्रसम्म आउने सडकहरुको स्तर उन्नती गरिनेछ ।

४) पालिकामा सुविधा सम्पन्न बसपार्क निर्माण गरिनेछ।

५) गाउँपालिकाभित्र रहेको सडकहरुको लगत कट्टा गरिने कार्यको थालनी गरिनेछ ।

६) गाउँ पालिका क्षेत्रभित्र चल्ने सवारी साधनहरुको विभिन्न सरोकारवाला निकायहरुको समन्वयमा वैज्ञानिक दररेट कायम गरी लागू गरिने छ भने सार्वजनिक यातायातमा विद्यार्थी र लक्षित बर्गको लागि छुट गराउने व्यवस्था मिलाईने छ ।

७) अनुगमन सम्बन्धि उपभोक्ता समितिहरुको गुनासोलाई न्यूनीकरण गर्न र अनुगमनलाई अझ बढी प्रभावकारी बनाउन अनुगमन तालिका बमोजिम योजना अनुगमन संयन्त्रले प्रभावकारी अनुगमन गरि प्रतिवेदन पेश गरे पछि मात्रै भुक्तानीको प्रकृया अगाडी बढाइने छ ।

८) अन्तरपालिका तथा अन्तरजिल्ला जोड्ने रणनितिक सडकहरुको पहिचान गरि निर्माणका लागि सम्बन्धित स्थानीय तह तथा प्रदेश र संघीय सरकारसँगको सहकार्यलाई बढावा दिईने छ ।

## शहरी विकास

१. मुख्य बजार क्षेत्रमा निर्माणहुने घर/कार्यालय तथा ब्यापारिक कम्प्लेक्सहरुलाई गाउँपालिकाको भवन निर्माण संहिताको मापदण्डमा रहेर मात्रै निर्माण अनुमति दिईने छ भने ब्यवस्थित शहरीकरणलाई जोड दिईने छ ।

२. घरजग्गा नक्सापासलाइ अनिबार्य गरि गाउँपालिकाभित्र नयाँ घर निर्माण गर्दा ग्रामिण मौलिकता झल्किने खालको घरहरु बनाउन प्रोत्साहित गरिनेछ ।

३.बजारोन्मुख स्थानहरुमा एकीकृत बस्ति विकास योजना तर्जुमाको लागि अध्ययन गरिनेछ ।

४. वैज्ञानिक घर ठेगाना प्रणाली ( Metric Addressing System with Street Naming ) को अवलम्बन गरी गाउँपालिकाभित्रका मुख्य सडक तथा गल्लीहरुको नामाकरण र घर संख्या (House Numbering) निर्धारण गरिनेछ ।

५. पालिका सडक गुरु योजना (MTMP) तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।

६. गाउँपालिका क्षेत्रभित्र विभिन्न क्लब, महिला समूह, गुठी लगायत अन्य सामुदायिक भवनहरु निर्माणमा सहयोग गरिनेछ ।

७. गाउँ पालिका भित्रका सडकहरुको बर्गिकरण गरि उक्त सडकको रेखदेख र ब्यवस्थापनको जिम्मा टोलसुधार समितिहरुलाई दिईने छ ।

८. पालिकाका सडकहरुमा हरियाली कायाम गर्न सडकमा बहुबर्षे फल दिने प्रजाति (ओखर, एभोकाडो आदि) का विरुवाहरु रोपिने कार्यलाई क्रमशः अगाडी बढाईने छ ।

## पर्यटन

१) कृषि र पर्याय पर्यटनको लागि आकर्षक पर्यटकीय गन्तब्यको रुपमा विकसित गरिनेछ ।

२) सुकेपोखरी पर्यटन क्षेत्रविकास कार्यक्रमलाई पुरा गरि पुर्ण पर्यटकिय क्षेत्र घोषणा गरिनेछ । डाँडाखर्क, जालेम पोखरी, घुम्नेपानी क्षेत्रको पर्यटनसम्बन्धी गुरुयोजना निर्माण गरि कार्यक्रम लागु गरिने छ ।

३) क्षेत्री—ब्राह्मण, राई, शेर्पा, तामाङ, मगर, नेवार, दलित समुदाय आदिको मौलिक संस्कृति र संस्कारको संबर्धन एवं प्रबर्धन गरि उपयुक्त स्थानमा विशाल सांस्कृतिक पुरातात्विक संग्रहालय निर्माण गरि पर्यटकको ध्यान आकर्षित गरिने छ ।

४) पालिकाको उच्च भुभागमा चिडिया खाना सहितको जंगलि रिसोर्ट निर्माणको संभाब्यता अध्ययन पश्चात डिपिआर निर्माण गरि निजि क्षेत्रलाई आयोजना निर्माणमा प्रोत्साहन गरिने छ ।

५) सामुदायीक तथा निजी तवरबाट निर्मित मठमन्दिर, भुमे, गुम्बा, देवालय लगायतका धार्मिक सम्पदाहरुको निर्माण, मर्मत तथा संरक्षणलाई प्राथमिक्ता दिईने छ ।

६) पर्यटन क्षेत्रका विज्ञ तथा सरोकारवालासँगको समन्वयमा हरेक गाउँमा होम स्टेको व्यवस्था र प्रबर्धन गरी आयमुलक व्यवसायको रुपमा विकास गरिनेछ ।

७) शैक्षिक पर्यटन, धार्मिक/सांस्कृतिक पर्यटनको यथोचित विकास गर्दै यस गाउँपालिकालाई अध्ययन केन्द्रको रुपमा विकास गरिनेछ ।

८) गाउँपालिकाको उपयुक्त स्थान छनौट गरी निजि—सरकारी लागत साझेदारीमा आधारित रहेर जीपलाईन निर्माणको संभाब्यता अध्ययनको कार्य थालनी गरिने छ ।

९) गाउँपालिकामा विज्ञहरु सम्मिलित पर्यटन प्रवर्द्धन समिति (Tourism Promotion Committee) गठन गर्दै उक्त समितिलाई सशक्तरुपमा परिचालन गरी विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ यसका साथै दीर्घकालिन पर्यटन रणनीतिक योजना (Long term tourism strategic plan ) निर्माण गरि लागु गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

१) गाउँपालिका भित्रका पानीका मुहानहरुको पहिचान गरि हाल अव्यवस्थितरुपमा वितरण गरिएको योजनाको मुहान र ट्यांकीलाई एकिकृत गरि पीउनेपानी दिर्घकालिन समाधान गरिने छ । जसका निम्ती खानेपानी बोर्ड गठन गरि लागु गरिने छ ।

२) पालिकामा कम्तिमा दुई वटा विशाल खानेपानी रिजर्भ ट्यांकीको ब्यवस्था गरि ब्यवस्थित मिटर सिस्टममा घरघरमा पानी पुर्याईने छ भने खानेपानी तथा सरसफाई प्राविधिकको नियमित ब्यवस्थापन गरि पानी आपुर्तीमा समस्या हुना साथ तत्काल नियमित आपुर्ती गराईनेछ । पालीका भित्र पानी, बत्ति जस्ता आधारभुत कुराहरुको गुनासो सुन्नका लागि २४ घण्टे हेल्प डेस्क खडा गरिने किसिमको संयन्त्र निर्माण गरिने छ ।

३) फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त स्थानमा डम्पिङ साईड ब्यवस्थापन गरिने छ ।

४) गाउँपालिकालाइ सिसा वोतलमुक्त बनाई सफा र हराभरा पालिका निर्माणको अभियानलाई तिब्रता दिईने छ ।

५) विभिन्न वडाहरुको सार्वजनिक स्थानमा ढल निकासको कार्यलाई प्राथमिकताका साथ व्यवस्थित गरिनेछ ।

६) स्थानीय समुदायसंगको सहकार्यमा पालिकाभित्रका खानेपानीका स्रोतहरुको अभिलेखीकरण गरी खानेपानी मुहान संरक्षण गर्न कार्यक्रम सञ्चालन गरिनेछ भने पुराना ढुंगेधारा र पधैंराहरुको संरक्षणका लागि ठोस योजना अगाडी सारिने छ ।

७) वजार क्षेत्रमा निर्माण भएका नीजि तथा व्यवसायिक भवनहरुको ढल निकासीका लागि सैफ्टी टयाङक व्यवस्थित भए नभएको अनुगमन गर्न संयन्त्र निर्माण गरिनेछ भने सेफ्टी टयाङक निर्माणलाई प्रोत्साहन गरिनेछ ।

**फोहोरमैला व्यवस्थापन**

१) " सफा र हरभरा गाउँ, थुलुङ दुधकोशीको सान" को अवधारणा लागु गर्न फोहोरमैलालाई आधुनिक प्रविधिबाट व्यवस्थापन गर्न एकीकृत स्रोत प्रशोधन केन्द्र स्थापनाका लागि स्रोत परिचालन तथा सहकार्यको कार्यलाइ निरन्तरता दिइनेछ ।

२) मुख्य बजार क्षेत्र (Core market area) को सरसफाई एवं सुन्दरता अभिवृद्धिका लागि पालिकाभित्रका सडक तथा बजारमा जडित तार तथा पोलहरूलाई व्यवस्थित गरिने छ । टोल सुधार समितिहरुको गठन एवं पुनर्गठन गरी ती समितिहरुसँगको सहकार्यमा टोललाई व्यवस्थित गर्ने गरी सरसफाईका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । फोहोरमैला व्यवस्थापनको लागि जनतासँगको लागत साझेदारीमा व्यवस्थापन कार्यक्रम अगाडी बढाइनेछ ।

३) पालिकामा फोहोरमैला व्यवस्थापन कोष खडा गरि सञ्चालन गरिनेछ ।

४) महिलाहरुको लागि पून:प्रयोग गर्न सकिने कपडाको स्यानिटरीप्याड र बच्चाहरुको लागि कटन डायपरको प्रयोगलाई प्रोत्साहन गरिने कार्यलाइ निरन्तरता दिइनेछ भने सेनिटरी प्याड तथा डाइपरको वितरणका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन ) कार्यविधि निर्माण गरि लागु गरिने छ ।

५) पालिका क्षेत्रमा प्लाष्टिकजन्य पदार्थको प्रयोगका लागि बर्जित गरिने छ भने कपडाको झोला प्रयोगका लागि प्रोत्साहन गरिनेछ ।

६) व्यवसायिक रुपमा स्थापना गरिएका पशुपंक्षी जन्य खोरहरुबाट निस्कने फोहर मैलाबाट फैलन सक्ने दुर्गन्धबाट गाउँपालिकाको वातावरण प्रदुषणबाट बच्न त्यस्ता खोरहरु सडक तथा वस्तीहरुबाट कम्तिमा २०० मिटर टाढा राख्ने नीति अवलम्वन गरिनेछ ।

**ऊर्जा तथा सिँचाइ**

१) गाउँपालिकाको हरेक घरमा १ बर्ष भित्र राष्ट्रिय प्रसारण लाईनको पहुँच पुर्याई २४ सै घण्टा घरघरमा विजुली बल्ने उज्यालो पालिका घोषणा गरिने छ ।

२) पालिकामा संचालित लघुजलविद्युत आयोजनाको उचित ब्यवस्थापन गरि यहाँका जनतालाई अधिकतम लाभ हुने गरि नेपाल विद्युत प्राधिकरणसँग समझदारी गरिने छ ।

३) मुख्य ब्यापारिक केन्द्रका मुख्य मुख्य सडक मार्ग र चोकहरुमा विद्युतीय सडक बत्ति राख्ने कार्यलाई विभिन्न निकायसँगको समन्वयमा अगाडी बढाईने छ । जस्को सहायताले रात्रिकालिन समयमा पनि सडक सुरक्षा कायाम गर्न सहज हुने छ ।

४) गाउँपालिका प्रभावित क्षेत्र रहेका जलविद्युत आयोजनामा जनताको अपनत्वको सुनिश्चितता गर्न सबैलाई संस्थापक शेयर उपलब्ध गराई जनतालाई जलविद्युतको स्वामित्व दिलाइनेछ । जलविद्युत आयोजनाबाट अतिप्रभावित क्षेत्रका नागरिकलाई अधिकतम शेयर उपलब्ध गराउन पहल गरिनेछ ।

५) गाउँपालिकाका नागरिकको चुल्होमा धुँवा र ग्याँसमुक्त गरी जनताको स्वास्थ्य र वातावरणलाई अनुकुलन हुने संघिय सरकारसँगको समन्वयमा निशुल्क रुपमा एक घर एक विद्युतीय चुल्हो वितरणको व्यवस्था मिलाईने छ ।

६) गरिव तथा विपन्न परिवारलाई अवस्था हेरेर छुट्टै कार्यैविधी बनाई निश्चित युनिटसम्म निशुल्क बत्ति बाल्ने ब्यवस्था गरिने छ ।

७) खेतिपाति गरिने क्षेत्रको जमिनमा सिंचाई सुविधा विस्तार गर्नका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । सिंचाइ प्रणालीको छनौट गर्दा यथासम्भव सवै वडा समेटिने, वाली

विविधीकरण, व्यवसायीकरण र बढी आर्थिक प्रतिफल दिने खालका सिंचाइ प्रणाली छनौट गरिनेछ ।

**सूचना, सञ्चार तथा प्रविधि**

१) टेलिफोन नेटवर्क नपुगेका स्थानमा १ वर्षभित्र टावर निर्माण गरी 4G ईन्टरनेट सेवा सहितको नेटवर्क विस्तार गरिने छ ।

२) हरेक वडा केन्द्र र सार्वजनिक स्थानहरुमा फ्रि वाईफाई जोन बनाईनेछ ।

३) डिजिटल गाउँपालिका निर्माणका लागि सबै जनताहरुलाई सुचना प्रविधिको प्रयोगसम्बन्धी अभिमुखिकरण र गाउँपालिकाले प्रदान गरिरहेको घरबाटै कर तिर्न सकिने अनलाईन भुक्तानी प्रणालि (e-Payment system) को प्रयोग बढाई कर संकलनमा सहजताका लागि साथै अन्य अनलाईन प्रणालिहरुको प्रयोग बढाई सहज रुपमा सेवा लिनका लागि डिजिटल साक्षरता अभियान (Digital Literacy Campaign) सन्चालन गरिनेछ ।

४) गाउँपालिकाका जनताहरुलाई सुचना प्रविधिको प्रयोग सम्बन्धी समस्या आएमा तत्काल समाधानका लागि र सुचना प्रविधि सम्बन्धी कुनै परामर्श चाहिएमा मद्धतका लागि सम्पर्क गर्न सक्ने गरी साथै डिजिटल साक्षरतामा वृद्धि गर्न थुलुङ दुधकोशी टेक्निकल सपोर्ट सेन्टर (Thulung Dudhkoshi Technical Support Centre) सन्चालनमा ल्याईनेछ ।

५) गाउँपालिका भित्रका सबै विद्यालय, स्वास्थ्य चौकी र प्रहरी युनिटहरुमा जडान गरिएको ब्रोडब्याण्ड ईन्टरनेटलाई अझ व्यवस्थित र आवश्यकता अनुसार गति बढाई सेवा प्रवाहलाई प्रभावकारी बनाईनेछ।

६) डिजिटल गाउँपालिका निर्माणका लागि गाउँपालिकामा सुचना प्रविधि सम्बन्धी गतिविधि बढाउन सुचना प्रविधि सम्बन्धी वर्कसप (Workshop) हरु संचालनमा ल्याईनेछ ।

७) डिजिटल नेपाल फ्रेमवर्क २०७६ को प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक सेवालाई सरल, सहज, सुलभ र पारदर्शी बनाउने साथै कागजको प्रयोग क्रमशः कम गरिदैं लगिने छ । गाउँपालिका र वडाबाट प्रवाह गरिने सेवाहरुलाई प्रविधिमैत्री बनाउनका लागि कर्मचारिहरु लाई सुचना प्रविधि सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

८) गाउँपालिकाभित्र भरपर्दो द्रुत गतिको ईन्टरनेट सेवा प्रवाहका लागि अप्टिकल फाईवर नेटवर्क विस्तारका लागि आवश्यक पहल गरिनेछ ।

९) जिल्लामा सञ्चालनमा रहेका सञ्चारमाध्यमलाई आत्मानिर्भर र समृद्ध बनाउन विशेष प्याकेज सञ्चालन गरिनेछ ।

१०) यस क्षेत्रका सञ्चारकर्मी र पत्रकारको ब्यवशायीक विकास र दक्षता अभिबृद्धिका लागि नियमित तालिमहरु सञ्चालन गरिनेछ ।

११) जनतालाई सूचनाको सहज पहुँच पुर्याउन, पारदर्शीता कायाम गर्दै शुसासन प्रबर्धनमा टेवा पुर्याउन सञ्चार माध्यम मार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**वन तथा वातावरण**

१) गाउँपालिकाका सबै सामुदायिक बनमा बैज्ञानिक बन ब्यवस्थापन योजना सञ्चालन गरिनेछ । पुराना तथा बढि आयु भएका रुखहरुको लिलाम बिक्रीको समुचित व्यवस्था गरी नाङ्गो ठाउँहरुमा ब्यापक मात्रामा बृक्षारोपण गरी यस पालिकालाई हराभरा गाउँपालिकाको रुपमा पहिचान दिलाइनेछ । जसले पर्याय पर्यटनको विकासमा ठोस योगदान पुग्नेछ ।

२) प्रदेश तथा संघिय सरकारको समन्वयमा कबुलियति बन विकास कार्यक्रम लागू गरी गरिबि हटाउन तथा आर्थिक गतिविधि बढाउन उपयोग गरिने छ ।

३) लोप हुन लागेका बन्यजन्तु तथा चराचुरुङ्गिको संरक्षण, जैविक विविधता र पारिस्थितिक प्रणालिको सन्तुलनका लागि छुट्टै विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

४) गाउँपालिकाका कम्तिमा दुई वटा स्थानमा ईको पार्क, चिलड्रेन पार्क र पिकनिक स्थलको विकासको कार्य ठोस रुपमा अगाडी बढाइने छ ।

५) ढुंगा, गिट्टी, बालुवा संकलन गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्न नदिन प्रारम्भिक वातावरणीय परीक्षण सम्पन्न गरिएका खोलाहरूबाट मात्र खोलाजन्य पदार्थ संकलन गरिनेछ साथै प्रतिवेदनमा सिफारिस भएका सुझावहरू पालना भए नभएकाको प्रभावकारी अनुगमन कार्यलाइ निरन्तरता दिइनेछ ।

६)पालिका क्षेत्रमा विकास निर्माणका लागि आवश्यक IEE/EIA कार्यान्वयनका लागि वातावरण संरक्षण नियमावलीले दिएको क्षेत्राधिकारभित्र रही आवश्यक कानुन तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

७) जलवायु परिवर्तन अनुकूलन कार्यक्रम तथा नवीकरणीय ऊर्जाको उत्पादन र प्रयोगलाई प्रोत्साहित गर्ने खालका कार्यक्रमहरू निजी तथा गैर—सरकारी क्षेत्रको संलग्लनतामा सञ्चालन गरिनेछ ।

८) गाउँपालिकाका सडकलाई हरियाली बनाउन हरेक सडकको छेउमा बहुबर्षे फलफुलका विरुवा(ओखर, एभोकाडो आदि) वृक्षारोपन कार्यलाई प्रोत्साहन गरिनेछ ।

**सुशासन तथा सेवा प्रवाह**

१) गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान हुने सेवाहरुलाई सम्भव भएसम्म घरघरमै पुऱ्याइनेछ । जन्मदर्ता, मृत्युदर्ता जस्ता व्यक्तिगत घटना दर्ताको सेवा घरघर पुगेर दिइनेछ । जसले गर्दा नागरिकहरुले घरमै वसेर सेवा लिन पाउनेछन् भने उक्त कार्यसम्पादनका लागि रोजगारी पनि सृजना हुने छ ।

२) गाउँपालिकाको कामकार्बाही, निर्णय, कार्यान्वयन प्रकृयाका साथमा आर्थिक कुराहरुको पारदर्शिताका लागि छुट्टै आधुनिक सफ्टवेर निर्माण गरि लागु गरिने छ ।

३) गाउँपालिकामा भएको र अध्यक्ष तथा उपाध्यक्षले सम्पादन गरेको मासिक प्रगति विवरण वेभसाईट र मिडिया मार्फत सार्वजनिक गरिनेछ ।

४) हरेक चौमासिकमा नियमित रुपमा सार्वजनिक सुनुवाई, समाजिक परीक्षण र सार्वजनिक परीक्षण गरिनेछ ।

५) गुनासो सुन्ने तथा उजुरी लिने प्रकृयालाई प्रभावकारी बनाइने छ भने गाउँपालिकाको समग्र विकास निर्माण र सेवा प्रवाहको अनगुमनलाई प्रभावकारी बनाउन नागरिक समाजका संस्थाहरु मार्फत तेश्रो पक्षद्वारा अनुगमन गराउने व्यवस्था गरिनेछ ।

६) गाउँपालिकाको समग्र कामकार्बाही र सेवा प्रवाहको प्रभावकारीताका लागि जिल्लका एफ.एम. स्टेशनहरुबाट साप्ताहिक रुपमा जनतासँग जनप्रतिनिधि रेडियो कार्यक्रम संचालन गरिने छ ।

७) गाउँपालिकाबाट प्रावह हुने सेवालाई सरल र नागरिकमैत्री बनाउन छुट्टै हेल्पडेस्कको ब्यवस्थापन गरिने छ भने उक्त डेस्कमा छुट्टै कार्यविधी बनाइ आवश्यक जनशक्ति ब्यवस्थापन गरिने छ । जहाँ सेवाग्राहीसँगै हरेक फाँटमा डेस्कका कर्मचारी गएर सहजिकरण गरि द्रुत गतिमा कार्य सम्पादनको वातावरण सिर्जना गर्नेछन् ।

८) गाउँपालिकामा आवश्यकता अनुसार कर्मचारी व्यवस्थापन गर्न तथा कर्मचारीहरुको मनोवल उच्च राख्न, क्षमता विकास गर्नका लागि समयानुकुल प्रोत्साहन तथा पुनर्ताजकी तालिमहरुको व्यवस्था गरिनेछ साथै संगठन पुनर्संरचनाको कार्यलाई निरन्तरता दिइनेछ ।

९) सार्वजनिक सेवा प्रवाह हुने सबै कार्यालय र स्थानहरुमा सिसि क्यामेर जडान गरि पालिका बाटै मनिटरिङको ब्यवस्था गरिने छ ।

**महिला , वालवालिका जेष्ठ नागरिक तथा अपांगतर्फ**

**महिला**

१) महिलाहरुलाइ आर्थिक रुपमा सम्पन्न बनाउन महिला समुह, महिला सहकारी गठन गरि आय आर्जनका क्रियाकलापमा सम्लग्न गराईने छ भने बचतको बानी समेत विकास गरिने छ ।

२) हरेक महिलाहरुलाई आम्दानीसँग जोड्ने कार्यक्रम लागु गरिने छ ।

३) विपन्न तथा पछाडी परेका वर्गका महिलाहरुलाई लक्षित गरी सशक्तीकरण कार्यक्रमहरु गरिनेछ ।

४) परम्परागत सीपहरु भएका महिलाहरुको तथ्यांक संकलन गरि त्यस्ता सिपहरुको नयाँ पुस्तामा हस्तान्तरण गरिनेछ साथै आधुनिक सिपहरु सिकाई आत्मानिर्भर बनाईने छ ।

५) महिला सम्बन्धि संचालन गरिने सबै कार्यक्रमहरु महिला सहकारी गठन गरि सोही मार्फत परिचालन गरिनेछ ।

६) महिला विरुद्ध हुने सबै प्रकारका हिंसा ,शोषण तथा विभेद विरुद्द शुन्य सहनशिलताको नीति अवलम्बन गरी तिनको रोकथाम तथा नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाई सहज छिटो र सबैका लागि  पंहुच योग्य बनाउन पहल गरिनेछ ।

७) एकल महिलाहरुलाई सीपमुलक कार्यक्रम संचालन गरी स्वावलम्बन बनाइनेछ ।

**बालबालिका**

१. बालबालिकाहरुको क्षमता प्रस्फुटित गराउनका लागि बालक्लब, बालसंजाल र किशोरी समुहहरु गठनगरि क्षमता अभिबृद्धि गर्ने खालको कार्यक्रम लागु गरिने छ ।

२. उमेर पुगेर पनि विद्यालय भर्ना नभएका बालबालिकालाई विद्यालय भर्ना गराउन पालिका समुदाय साझेदारीमा विशेष अभियान संचालन गरिने छ ।

३. छुट्टै कार्यविधी निर्माण गरि छोरी जन्मनासाथ रु.२ हजारको चेली बचत खाता खोल्ने कार्यक्रम लागु गरिने छ ।

**अपाङ्ग**

१) अपाङ्ग र असहाय ब्यक्तिहरुको समस्या र आवश्यक्ताको पहिचान गरि व्हिल चियर, बैशाखी जस्ता जीवनयापनमा सहज हुने सामाग्री प्रदान गरिने छ ।

२) अपाङ्गता भएका व्यक्ति तथा असहायका ज्ञान एवं सीपहरुको प्रोफाईल बनाई अध्यावधिक गरिने छ ।

३)  अपाङ्ग र असहाय ब्यक्तिहरुले अगाडी सारेका कृषि तथा लघु उद्यम सम्बन्धि परियोजनालाई अनुदान दिने ।

४) अपाङ्गता भएका व्यक्तिहरुको जीवनयापनलाई सहज बनाउन तथा उनीहरुको मनोबल उच्च राख्नका लागि सीपमुलक कार्यक्रम संचालन गर्नुका साथै अपाङ्गता भएका व्यक्तिहरुलाई समाजले हेर्ने दृष्टिकोणलाई सकरात्मक बनाउने खालका कार्यक्रमहरु लागु गरिनेछ ।

५)  गाउँपालिका क्षेत्रभित्र सार्वजनिक भौतिक संरचनाहरु निर्माण गर्दा अपाङ्गमैत्री बनाउन विशेष पहल गरिनेछ ।

**ज्येष्ठ नागरिक/सामाजिक सुरक्षा**

१. बृद्धभत्ता तथा अन्य सामाजिक सुरक्षा भत्तालाई थप सहज बनाउँदै विभिन्न बैंक तथा वित्तिय संस्थाहरुसँग सम्झौता गरी घरघरमै वितरणको व्यवस्था मिलाइने छ ।

२. जेष्ठ नागरिकहरुसँग रहेको संस्कार, अनुभव, तथा सामाजिक व्यवहारलाई भावि युवा पुस्तामा अन्तर्क्रियाको माध्यमबाट हस्तान्तरण गर्न अन्तर पुस्ता हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।

३. दीर्घ रोग भएका बृद्धबृद्धालाई घरघरमै स्वास्थ्यजाँच तथा नेपाल सरकारले प्रदान गर्ने सबै प्रकारका औषधीहरु निशुल्क उपलब्ध गराइने छ ।

४. छुट्टै कार्यविधी निर्माण गरि बृद्धबृद्धालाई चारधाम यात्र कार्यक्रम तय गरिने छ ।

**विपद् व्यवस्थापन**

प्राकृतिक विपत्तिलाई कसैले टार्न नसके पनि यसको रोकथाम तथा संभावित क्षतिको न्युनिकरणका लागि तपशिल बमोजिमको निती अवलम्बन गरिने छः

१) यस अघि पालिकाका कुन कुन ठाउँमा के कस्ता प्राकृतिक विपद आए भन्ने कुराको यकिन अभिलेख संकलन गरिने छ ।

२) ठाउँ अनुसारको संभावित प्राकृतिक विपदलाई मध्यनजर गरि विपदग्रस्त ठाउँहरुमा जनताले चिन्ने गरि विभिन्न संकेत चिन्हहरु खडा गरिने छ ।

३) विपद सम्बन्धि पुर्व सूचना दिने पुराना तथा नयाँ प्रविधि (साईरन, सिसि क्यामेर आदि) को अधिकतम प्रयोग गरिने छ ।

४) विपद पछि जनजीवनलाई सामान्य बनाउन तत्कालिन, मध्यकालिन र दिर्घकालिन कार्यबारे बालबालिका, महिला, ज्येष्ठ नागरिकलाई तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिने छ ।

५) विभिन्न विपद्हरुको रोकथाम तथा नियन्त्रणका लागि प्रदेश, संघीय सरकारका निकाय तथा गैर—सरकारी संघ—संस्थासँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६) विपद्मा परेका व्यक्ति,परिवारलाई राहत दिन विपद् जोखिम व्यवस्थापन कोष खडा गरिने छ । विपद्मा परेका पालिकावासीहरूलाई राहत दिन राहत सामग्रीहरुको भण्डारण गरी तत्काले उपलब्ध गराउने आवश्यक व्यवस्था मिलाइनेछ ।

७) जोखिम युक्त स्थलहरूको पहिचान गरी विपद्का बेला राहत र उद्धारका लागि खुला क्षेत्र समेतको व्यवस्था पहिचान गरी जोखिम न्यूनीकरणका लागि कार्यहरु कार्यान्वयन गरिदै लगिनेछ ।

८) गाउँप्रहरीहरुलाई विपत व्यवस्थापन तथा उद्दार सम्बन्धी तालिमको व्यवस्था गर्नुका साथै गाउँपालिका अन्तर्गत रहेको एम्बुलेन्स, दमकल लगायत अन्य सवारी साधनलाई प्रभावकारी ढंगबाट विपत व्यवस्थापन र उद्दारका लागि परिचालन गरिनेछ ।

९) पालिका क्षेत्रमा रहेका क्याम्पस तथा विद्यालयमा रहेका युवा युवति तथा किशोर किशोरीहरुलाई विपद जोखिम न्युनिकरण सम्बन्धि तालिम दिएर स्वयंसेवी दस्ताको रुपमा तयार गरिने छ ।

**राजश्व तथा कर प्रशासन**

१. करदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने कार्यलाई निरन्तरता दिदै पालिका भित्रका सबै खाले व्यवसाय(होटल, पसल, उद्योग आदि) लाई करको दायरामा ल्याइनेछ । करको दायरा बढाउन जनचेतनामुलक र रणनैतिक कार्यक्रम तर्जुमा गरिने छ ।

२. पालिकाको दिगो आम्दानीको श्रोतहरुको पहिचान गरि करको दायरा बढाईने छ ।

३. राजश्व संकलन कार्यलाइ प्रविधि मैत्री वनाइनेछ ।

**गाउँ प्रहरी**

१. शान्ति, सुव्यवस्था, विकास निर्माण, विपदमा राहत तथा उद्धार, सरसफाई, पर्यटन प्रवर्द्धन तथा सेवा प्रवाहलाई सहज बनाउन गाउँ प्रहरीको प्रभावकारी परिचालन गरी कार्यसम्पादनका आधारमा प्रोत्साहन एवं कारवाही तथा करार संझौता भंग/नवीकरण गरिने नीति अवलम्वन गरिनेछ ।

२. गाउँ प्रहरीहरुलाई व्यारेक प्रणालीमा राखी प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

**रोजगारी**

१) वर्षमा कम्तिमा २०० जना युवालाई कुक, प्लम्बर, वाईरिङ, कृषि लगायत रोजगारमुलक तालिम दिई रोजगारी सृजना गरिनेछ जस्ले गर्दा ५ वर्षभित्र गाउँपालिकामा बेरोजगारी उन्मुलन गरिनेछ ।

२) गाउँपालिका भित्रका वेरोजगारहरुको तथ्यांक संकलन गरिने छ । पालिका भित्र संचालित साना तथा ठूला परियोजनाहरुमा ति बेरोजगारहरुलाई प्राथमिकता दिने कार्यलाई सहजिकरण गरिनेछ ।

३) यस पालिकाभित्रका स्वरोजगार बन्न चाहने युवा , व्यवसायी तथा उद्यमीहरुलाई सहुलियत दरमा कर्जा उपलब्ध गराउन राष्ट्रिय वाणिज्य वैक सँग सम्झौता गर्ने कार्य अगाडी बढाई युवा स्वरोजगारको सुनिश्चितता गरि विदेश पलायनलाई निरुसाहित गरिनेछ ।

४) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वेरोजगार व्यक्तिहरुलाई निर्धारित मापदण्ड बमोजिम रोजगारी दिने कार्यलाई निरन्तरता दिइनेछ । साथै पालिका अन्तर्गत सबै वडामा बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन गरी बेरोजगार व्यक्तिको सूचीलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा अधावधिक गराइनेछ ।

**गैर- सरकारी संघ - संस्था**

१."विकासका लागि हातेमालो अभियान" सञ्चालन गर्न शिक्षा, स्वास्थ्य, पर्यटन, फोहोरमैला व्यवस्थापन लगायतका सामाजिक क्षेत्रहरूमा गैर—सरकारी संस्थाहरुसँग लागत् सहभागितामा आधारित कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

**भूमि सुधार**

१. गाउँपालिका क्षेत्रमा सार्वजनिक जग्गाको यकिन गरी वृहत भू—उपयोग योजना तयार गरिनेछ र आवादी जग्गालाई बाँझो राख्ने प्रवृत्ति अन्त्यका लागि उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

**उद्योग**

१. स्व—उत्पादनमा आधारित उद्योगलाई प्रोत्साहन गर्न आन्तरिक लगानीकर्ता र बाह्य लगानीकर्ताको लगानी भित्रिने वातावरण तयार गरिनेछ भने यस्ता उद्योगहरुको स्थापना र सञ्चालनका लागि प्रोत्साहन गर्न सहजिकरण गर्नका लागि कर छुट लगायतका सुविधाहरु प्रदान गरिनेछ । स्थानिय कच्चा पदार्थ प्रयोग गरी संचालन भएका उद्योगलाई विशेष अनुदान प्रदान गरिनेछ ।

२. साना तथा मझौला उद्योग जस्तैः चिया खेती, किवी प्रशोधन, आलु चिप्स / फ्रेन्चफ्राइ, गुराँस जुस, मिनरल वाटर, मत्श्य भूरा / माछापालन आदिको प्रोत्साहनका लागि आवश्यक अनुदान सहयोग उपलव्ध गराइनेछ ।

३. उद्योग व्यवसायको प्रवर्द्धन र सुरक्षा निकायको समन्वयमा पूर्ण सुरक्षाको प्रत्याभूतिको वातावरण बनाउँदै गाउँपालिकालाई उद्योग मैत्री गाउँपालिका को रूपमा विकसित गरिने नीति कायमै राखिनेछ ।

४. पालिका क्षेत्रभित्र रहेका परम्परागत सीपहरु भाँडाकुडा, सिलाइ, छालाजुता लगायतका सीपहरुलाइ व्यवसायीकरण गर्न प्रत्येक वडाहरुमा रकम उपलब्ध गराइनेछ ।

६. गाउँपालिका क्षेत्रभित्र सञ्चालित क्रसर उधोगहरुलाई वातावरणमैत्री एवं जोखिमरहित किसिमले सञ्चालन गर्ने गरि दर्ता प्रक्रियालाई सहजीकरण गरिनेछ ।

७. विभिन्न गैह्रसरकारी निकायसँगको समन्वय र सहकार्यमा नयाँ उद्यमी विकास गरिने छ ।

**खेलकूद**

१) निर्माणाधिन प्रदेश स्तरिय खेलग्रामलाई पुरा गर्न बजेटको व्यवस्था गरिनेछ । खेल मैदान नभएका प्रत्येक वडामा न्यूनतम एकवटा खेलमैदान हुने गरी खेलकूद मैदान निर्माण र स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ ।

२) परम्परागत खेलहरु भलिबल, डण्डिवियो, बाघचाल, कबड्डि, लगातयलाई संरक्षण र प्रबर्धन गरिने छ ।

३) विभिन्न किसिमका खेलकुद प्रतयोगिताहरु आयोजना गरिने छ ।

**वित्त तथा सहकारी**

१) बैंक तथा वित्तिय संस्थाको पहुँच नपुगेका बाँकी वडाहरुमा एक आर्थिक बर्ष भित्रै त्यस्ता संस्थाको पहुँच पुर्याईने छ ।

२) संघीय सरकारले घोषणा गरेको कार्यक्रम हरेक पालिकामा लघुवित्तको शाखा (साझेदारिमा) खोल्न रु ५० लाख शेयर पुँजिको लागि विनियोजन गरिनेछ ।

३) कम्तिमा "एक वडा एक सहकारी" को अभियान प्रवर्द्धन गरी सहकारी मार्फत उत्पादन भएका वस्तु तथा सेवालाई प्ररोत्साहन गरिनेछ

४) पालिकामा कृषि विकास बैंकको शाखा कार्यालय पुनस्थापनाको पहल गरिने छ ।

५) सहकारीहरुसँगको सहकार्यमा आर्थिक सामाजिक विकासका क्रियाकलापहरु सञ्चालनमा ल्याइनेछ साथै सहकारी डेस्क स्थापना गरी अनुगमन तथा नियमन गरिनेछ ।

६) सहकारीहरुको लेखा प्रणाली व्यवस्थीत गर्नका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

७) पालिकाको भौतिक संपत्तिको सुरक्षाको लागि विमा गर्ने प्रयोजनार्थ निर्जिवन कम्पनीहरु आकर्षित गरिने छ ।

**योजना, अनुगमन तथा मूल्याङ्कन**

१) गाउँपालिका भित्र रहेका संघीय तथा प्रदेश सरकारका निकाय, पालिका तथा गैर—सरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्थाबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजना साझेदारीमा गर्न सम्बन्धित निकायहरूसँग सहकार्य गरिनेछ ।

२) आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरूको नियमित रेखदेख र मर्मत संभार कार्यका लागि उपभोक्ता समितिलाई नै जिम्मेवारी बनाउने नीति अख्तियार गरिनेछ ।

**साझेदारी**

१) गाउँपालिकाको दीर्घकालिन आयस्रोत निर्माण हुने तथा राम्रो प्रतिफल प्राप्त हुने आयोजनाहरु आर्थिक साझेदारी गर्ने सरकारी तथा निजि बैकहरु, अन्य संघ—संस्थाहरुसंग ऋण, अनुदान तथा साझेदारीमा सञ्चालनमा ल्याईनेछ ।

२)   सिमाना जोडिएका पालिकाहरुसँग समन्वय गरी बहुपालिका विकास साझेदारी (Multiple Palika Development Collaboration) कार्यक्रमलाई अगाडि बढाईनेछ ।

३)   गाउँपालिका भित्र निर्माण तथा मर्मत हुने सडक, खानेपानी, ढल तथा अन्य पूर्वाधारका लागि यस गाउँपालिका र इच्छुक उपभोक्ता / अन्य निकायसँग ५०/५० प्रतिशत लागत साझेदारीलाई बढी प्राथमिकता दिईनेछ ।

**धर्म संस्कृति**

१)   विभिन्न मठ मन्दिर गुम्बा तथा धार्मिकस्थलहरुको भौतिक पूर्वाधार मर्मत सम्भार एवं आवश्यक जिर्णोद्वार गरिनेछ । यसका लागि आवश्यकता पहिचान गरी बजेट उपलब्ध गराउने नीति लागू गरिनेछ ।

२)   पालिका क्षेत्रभित्र रहेको सम्पूर्ण धर्म संस्कृति र संस्कारको जगेर्ना गर्न विशेष भूमिका निर्वाह गरिनेछ ।

आदरणीय सभाध्यक्षज्यू,

योजना छनौटका आधारहरू निम्न रहेका छन् । ।

योजना छनौटका आधारहरू

आर्थिक बर्ष २०७९/०८० का बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालका संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, -संशोधन सहित), अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, गाउँपालिकाको योजना तर्जुमा सम्बन्धी मार्गदर्शन (परिमार्जन सहित) २०७४ र यस गाउँपालिकाको बजेटका क्षेत्र तथा सीमाले निर्दिष्ट गरेका योजना तर्जुमा प्रकृयालाई आधार मानिएको छ । संघीय सरकार र प्रदेश सरकारद्वारा प्रस्तुत नीति कार्यक्रम तथा बजेट र जनप्रतिनिधिहरुको छलफल तथा विभिन्न चरणमा पेश गरेका निवेदनहरु साथै गाउँसभा सदस्यहरुले स्थानीयहरुसँग संकलन गरिएका मागहरुलाई समेत समावेश गरिएको छ । अघिल्लो आ.व.मा सञ्चालन तथा सम्पन्न हुन नसकेका आयोजनाहरु समेत समेटिएका छन ।

आदरणीय सभाध्यक्षज्यू,

थुलुङ दुधकोशी गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० का आम्दानी र खर्चका संक्षिप्त विवरण यस प्रकार रहेका छन् ।

आम्दानी र खर्चका संक्षिप्त विवरण

आ.ब.०७९/०८० मा आयतर्फ देहाय बमोजिमका आय हुने प्रस्ताव अनुमान गरिएको छ ।

क) संघीय सरकार

१. समानीकरण अनुदान रु १४ करोड २१ लाख

२. सशर्त अनुदान रु २५ करोड २ लाख

३. राजस्व बाँडफाँड रु ८ करोड ५५ लाख ९३ हजार

४. समपुरक अनुदान १ करोड १० लाख

५. विशेष अनुदान रु ५० लाख

ख) प्रदेश सरकार

१. समानीकरण अनुदान रु ७८ लाख १६ हजार

३. राजस्व बाँडफाँड रु २८ लाख ४३ हजार ७ सय

ग) आन्तरिक

१. आन्तरिक आम्दानी रु १ करोड ८ लाख ४३ हजार ३ सय ४०

घ) अल्या (गत आ.व. को) रु ३० लाख

यस गाउँपालिकालाई प्राप्त हुन आएको कूल आम्दानी रु ५१ करोड ८३ लाख ९६ हजार ४० रुपैया अनुमान गरिएको छ ।

**वार्षिक बजेट तथा कार्यक्रम**

अब आर्थिक वर्ष ०७९/०८० मा गाउँपालिकालाई प्राप्त हुने अनुमानित कूल आम्दानीको सीमाभित्र रहि विभिन्न विषयगत क्षेत्रहरु समेट्ने गरी चालुतर्फ रु ३७ करोड ३१ लाख ९६ हजार ४० रूपैयाको व्यय अनुमान प्रस्तुत गरिएको छ । ।

-आर्थिक वर्ष ०७९/०८० को बजेट, नीति तथा विस्तृत कार्यक्रम तथा बजेट रातो किताबमा प्रकाशित गरिनेछ ।)

**बजेट कार्यान्वयनका चुनौति तथा अवसरहरु**

आर्थिक वर्ष ०७९/०८० का वजेट, नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि वर्तमान परिवेशमा देखिएका समस्याका कारणले विभिन्न चुनौतीहरु थपिएको तथा सोही चुनौतीको माझमा केही सम्भावना र अवसरहरु समेत रहेका छन् । कोभिड—१९ का कारणले गर्दा साधन र स्रोतको व्यवस्थापनको समस्या पर्न सक्ने एवं तत्कालीन आवश्यकताहरुको यथोचित सम्बोधन गर्नुपर्ने भएको हुँदा, आयोजना र कार्यक्रम कटौतीको सम्भावनाहरु हुन सक्ने अवस्थाहरु छन् । त्यसैगरी स्वदेश तथा विदेशमा भएको कोभिड महामारीको प्रभावले पालिकाबासीहरु विभिन्न

स्थानबाट पलायन भई पालिकामा फर्केर आएका जनशक्तिहरुलाई रोजगार दिनु एउटा चुनौतीको रुपमा रहेको छ । त्यस्ता जनशक्तिहरुमा रहेको शिप र क्षमतालाई पालिकाभित्र संचालित आयोजनाहरुसँग सम्बद्ध गर्नुपर्ने तथा कृषि तथा पशुपालन लगायतका व्यवसायिक क्षेत्रमा जनशक्ति परिचालन गर्ने अवसर समेत प्राप्त भई ती क्षेत्रलाई व्यवसायिकीकरण गर्ने सम्भावनाहरु सृजना भएको छ ।

आदरणीय सभाध्यक्षज्यू,

अन्त्यमा,

आगामी आ.व.का लागि प्रस्ताव गरिएका नीति कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनका लागि प्रशस्तै चुनौति रहेतापनि गाउँपालिकाका संरचनाहरुको संस्थागत क्षमता विकास तथा सरोकारवालाहरुको सहकार्य तथा समन्वय विकास गरी तोकिएको लक्ष्य प्राप्त गर्न सकिने आधारहरु रहेका छन ।

लक्ष्य प्राप्तिका लागि हामी सबैले लिने पहलकदमीबाट जनताले अनुभूत गर्ने सेवा प्रवाह तथा अपनत्व स्वीकार गर्न सक्ने वातावरण सृजना गर्न यो नीति तथा कार्यक्रम सफल हुने विश्वास गरिएको छ । तोकिएको समयमा गाउँपालिकाको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दलका पदाधिकारीहरू, नगरसभाका सदस्यहरू सबैका मार्गदर्शन हाम्रा लागि महत्वपूर्ण रहेका छन् ।

यस कार्यमा सहयोग गर्न हुने सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरू, गैर–सरकारी संस्था, नागरिक समाज, सञ्चारकर्मि, अन्य जनप्रतिनिधि र सरोकारवाला सबै निकाय तथा व्यक्ति हरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छौं ।

सभामा प्रस्तुत गाउँपालिकाको बजेट, नीति तथा कार्यक्रमलाई सफल र प्रभावकारी रूपमा कार्यान्वयन गर्न विनियोजन ऐन, २०७९ तथा आर्थिक ऐन २०७९ लाई सम्मानित सभाबाट स्वीकृत गर्न प्रस्ताव गरेका छौं ।

यस बजेटको सफल एव प्रभावकारी कार्यान्वर्यनका लागि सम्वद्ध सबै पक्षबाट सदा झैं निरन्तर सहयोगको अपेक्षा गर्दै वार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमा कार्यमा सक्रिय एवम् रचनात्मक सहयोग पुऱ्याउनु हुने  सम्पूर्ण गाउँवासीहरूप्रति आभार व्यक्त गर्न चाहन्छौं । साथै बजेट, नीति तथा कार्यक्रम वाचन गरिरहेको क्षणमा यस गरिमामय सभामा उपस्थित सबै विशिष्ट महानुभावहरूलाई हामी हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । धन्यवाद !!

मिति २०७९ अषाढ ९  गते ।